श्री दैलेख जिल्ला अदालत, दैलेख

सिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ०१/०७३/०७४

(प्रथमपटक प्रकाशित मितिः २०७३।११।१२)

यस अदालतले निम्न बमोजिमको निर्माण कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

<u>शर्तहरुः-</u>

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र बोलपत्र बापत तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. ०७३/७४ सम्म मान्यता हुने ठेक्का इजाजतपत्र, आयकरको स्थायी नम्बर (PAN) नं. लिएको र मू.अ.कर प्रयोजनको लागि दर्ता भएको प्रमाणपत्र आ.ब. ०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्रदाताले लिखित निवेदन दिई यस अदालतको प्रशासन शाखाबाट समयभित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र सम्बन्धी कागजात प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सिलवन्दी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम, ठेक्का नं प्रष्टसँग लेखी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजेभित्रमा यस अदालतमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको ०१:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिनेछन् । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन हुनेछ र राष्ट्रिय वाणिज्य बैंक, दैलेखस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, दैलेखको एकल कोष धरौटी खाता नं. ४०१०२०३०००००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस अदालतको नाममा मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन अवधि भएको बैंक जमानत (ब्रिड बण्ड) पेश गर्नुपर्नेछ ।

४. अदालतले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुनेछैन । केरमेट भएको खण्डमा सम्बन्धित फर्मको सहिछाप भएको हुनुपर्नेछ ।

५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।

६. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अङ्कमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अङ्क फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा निम्न कुराहरु खुलाउनु पर्नेछ अन्यथा बोलपत्र मान्य हुने छैन ।

८. (क) प्रस्तावित कार्यको लागि आवश्यक अनुभव (ख) जनशक्तिको कार्य दक्षता र योग्यता (ग) आर्थिक दक्षताको विवरण (घ) आवश्यक प्राविधिक मालसामान तथा उपकरणको विवरण (ङ) लिखित स्वयं घोषणापत्र र संयुक्त उपक्रम (जे.भी.)को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी सम्झौतापत्र पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा कुनै एक पार्टनरको ४०% अन्य पार्टनरको २५% भन्दा कम भएकोलाई मान्यता दिइने छैन । संयुक्त उपक्रममा बढीमा

३(तीन) वटा फर्मले मात्र भाग लिन पाउने छन् । सम्झौतापत्रमा कामको विवरण तथा शेयर खुलेको हुनु पर्नेछ । तर एक बोलपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एकमात्र बोलपत्र पेश गर्न सक्नेछन् ।

९. बोलपत्र सम्बन्धी विस्तृत छलफलको लागि प्रथमपटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन, दिनको ०२:०० (दुई बजे) यस अदालतमा प्रि– बिड मिटिङ्ग *(Pre-bid meeting)* राखिएकोले सम्पूर्ण इच्छुक निर्माण व्यवसायीलाई उपस्थित हुन सूचित गरिन्छ ।

१०. इच्छुक बोलपत्रदाताले *E-procurement* माफर्त *www.bolpatra.gov.np* मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र डाउनलोड गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन् । सोको लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरी डिपोजिट भौचरको *Scanned Copy(PDF Format)*मा *Electronic Bid Files*साथै पेश गर्नु पर्नेछ ।

११. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट वा बिदापछि कार्यालय खुलेको दिन हुनेछ ।

१२. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ ।

१३. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतमा सम्पर्क राख्न सकिने छ ।

१४. *E-bidding document* को लागि रकम जम्मा गर्ने बैंकको विवरण: (क) बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक, दैलेख (ख) कार्यालयको कोड नं.: ६६/२०४/०१ (ग) राजश्व नं.:- १-१-००१ (घ) राजश्व शीर्षक नं.: १४२२७

१५. कुनै बोलपत्रदाताले *E-bidding document* बाट एकपटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य *E-Bidding* प्रकृयाबाट नै गर्नु पर्नेछ । यस्ता बोलपत्र फिर्ता लिन वा संशोधनका लागि सिलवन्दी निवेदनबाट (हार्ड कपी) पेश गर्न पाइने छैन र स्वीकार गरिने छैन ।

१६. *E-bidding* द्धारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेको कागजातहरुको सक्कल प्रति यस अदालतमा पेश गर्नु पर्नेछ । सक्कल प्रति पेश हुन नआएमा बोलपत्र फाराममा उल्लेख भए अनुसारको कारबाही गरिनेछ ।

१७. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१८. कामको विवरण निम्न अनुसार रहेको छ ।

क्र.सं.	ठेक्का नं.	कार्यको विवरण	बोलपत्र खरिद दस्तुर (रु.)	बोलपत्र जमानत रकम(रु.)
१.	०१/०७३/०७४	Judge Quarter	रु.३,०००।-	रु. २,२१,०००।-
२.	०२/०७३/०७४	Barrack Construction of Security Guard	रु.३,०००।-	रु. १,३४,०००।-

जिल्ला अधिकृत